निर्णयहरु

१. सुदूरपश्चिम प्रदेश, प्रदेश सभाको चालु तेस्रो अधिवेशन अन्त्य गर्ने सम्वन्धमा नेपालको संविधानको धारा १८३ को उपधारा (२) वमोजिम प्रदेश सभाको चालु तेस्रो अधिवेशन मिति २०७६।१।१२ गते राती १२:०० वजे देखि लागु हुने गरी अन्त्य गर्नको लागि माननीय प्रदेश प्रमुख समक्ष सिफारिश गर्ने निर्णय गरियो ।

२. प्रदेश विपद् व्यवस्थापन कोषमा कुनै व्यक्ति, संघ-संस्था, निकायहरुले आर्थिक सहायतास्वरुप रकम जम्मा गरेमा उक्त रकममा आयकर छुट दिने व्यवस्था गर्नका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

३. "२०७६ सालको सार्वजनिक विदा सम्वन्धमा ।" विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/१९/१३९ -२०७६/१/५ को प्रस्तावमा देहाय बमोजिम गर्ने-

"प्रस्तावलाई आवश्यक छलफलका लागि मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा पठाई समितिको निर्णयवमोजिम गर्ने ।"

४. "प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी विधेयक, २०७५ लाई प्रदेश सभामा पेश गर्ने स्वीकृति प्रदान गर्ने सम्वन्धमा ।" विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/२०/१४० -२०७६/१/५ को प्रस्तावमा देहाय बमोजिम गर्ने-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने ।"

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश